मिति : २०८२/१२/२१, कापा बैठक संख्याः १७-०८२/८३

बैठक नं. १६

आज मिति २०८२ साल चैत्र २१ गते शनिबार (ने.सं. ११४६, चौलागा, द्धितिया) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | [signature] | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | [signature] | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | [signature] | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | [signature] | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | [signature] | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | [signature] | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | [signature] | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | [signature] | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | [signature] | श्री माधव प्रसाद पोखेल | सचिव |

कञ्चन गाउँपालिका

CamScanner

**प्रस्तावहरु**

१७.१ प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा,

१७.२ तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनोट सम्वन्धमा,

१७.३ कार्यविधि स्विकृत गर्ने सम्वन्धमा,

**निर्णयहरू**

**१७.१ प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा,**

कञ्चन गाउँपालिकाको मिति २०८२/१२/०९ गते बसेको १६ औं कार्यपलिका बैठकको निर्णयानुसार आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न संघ संस्थाहरूको लागत सहभागीतामा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रू ३ लाख रकम विनियोजन भएकोमा स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूबाट न्यूनतम २५ प्रतिशत लागत साझेदारी कायम रहने गरी सामुदायिक विद्यालयहरूका रेडक्रम फोकल शिक्षकहरूका लागि प्राथमिक उपचार सम्बन्धी तालिम तथा मुटु रोग विशेषज्ञ शिविर कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थाहरूलाई ७ दिनभित्र प्रस्ताव पेश गर्नका लागि २०८२/१२/११ गते सार्वजनिक सूचना प्रकाशन गरिएको

प्रकाशित सूचना बमोजिम तोकिएको अवधिमा नेपाल रेडक्रम सोसाइटी कञ्चन उपशाखा रूपन्देहीको मात्र प्रस्तावना मिति २०८२/१२/१६ गते तुल बहादुर थापा सभापतिद्वारा हस्ताक्षरित पेश भएकोमा उक्त प्रस्तावना स्वीकृत गरी नियमानुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने ।

**१७.२ तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनोट सम्वन्धमा,**

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार आगामी आ.व. २०८३/८४ को लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही आयोजना कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई मधेश क्षेत्रका स्थानीय तहबाट कार्यविधिको दफा-५ मा उल्लेखित लागत सहभागिता बेहोर्ने गरी कार्यविधिको दफा -७(२) बमोजिम देहायका आयोजना कार्यक्रम छनोट गर्ने -

देहाय

| | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित लागत | कैफियत |



नवराज ढकाल
गा. पा. अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | डेलर देखि विजयनगर सडक कालोपत्रे निर्माण योजना | कञ्चन गा.पा.-१ र २ | १५१८७६२८ | |
| २. | तिनकुने चोक देखि बागेश्वरी हुदै सुनगाभा सडक कालोपत्रे निर्माण योजना | कञ्चन गा.पा. ३-४ | १३०००००० | |
| ३. | भैसाही गौडी कृषि हाटबजार निर्माण आयोजना | कञ्चन गा.पा.-५ | १३४०६५८६ | |

**१७.३ कार्यविधि स्विकृत गर्ने सम्वन्धमा,**

कञ्चन गाउँपालिकाभित्र रहेको एक मात्र हरैया बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक स्तर सुधार्न र गाउँपालिकाले अपनत्व सिर्जना गर्ने प्रयोजनका लागि स्विकृत बार्षिक कार्यक्रमबाट कार्यान्वयन हुने गरी कञ्चन गाउँपालिकाको छात्रवृति कार्यविधि,२०८२ का सम्वन्धमा व्यापक छलफल भयो र उक्त कार्यविधि सर्वसहमतरुपमा स्विकृत गर्ने निर्णय गरियो।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट सत्रौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष

कञ्चन गाउँपालिका